आज मिति २०८२/१०/२१ गतेका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पुष्कर राज जोशी ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसि तपसीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति**

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | नगर प्रमुख | |
| २ | श्री कौशिला चन्द | नगर उप-प्रमुख | |
| ३ | श्री विष्णु दत्त भट्ट | वडा नं. १ अध्यक्ष | |
| ४ | श्री सुर्य बहादुर बोहरा | वडा नं. २ अध्यक्ष | |
| ५ | श्री अजब बहादुर पाण्डे | वडा नं. ३ अध्यक्ष | |
| ६ | श्री भान देव भट्ट | वडा नं. ४ अध्यक्ष | |
| ७ | श्री केशव राज लेखक | वडा नं. ५ अध्यक्ष | |
| ८ | श्री महेन्द्र सिंह कार्की | वडा नं. 6 अध्यक्ष | |
| ९ | श्री हरि दत्त बडू | वडा नं. ७ अध्यक्ष | |
| १० | श्री चामु सिंह थापा | वडा नं. ८ अध्यक्ष | |
| ११ | श्री मोहन देव जोशी | वडा नं. ९ अध्यक्ष | |
| १२ | श्री त्रिलोक सिंह बिस्ट | वडा नं. १० अध्यक्ष | |
| १३ | श्री जय दत्त पन्त | वडा नं. ११ अध्यक्ष | |
| १४ | श्री भुरी देवी बिस्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्ती जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री माया पहरी | कार्यपालिका सदस्य | |
| १७ | श्री कलावती लावड | कार्यपालिका सदस्य | |
| १८ | श्री धाना देबी थलाल | कार्यपालिका सदस्य | |
| १९ | श्री दिनेश बहादुर सिनाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिनोद राम लोहार | कार्यपालिका सदस्य | |
| २१ | श्री प्रेम दयाल | कार्यपालिका सदस्य | |
| २२ | श्री केशव राज सुबेदी | सचिव | |

CS CamScanner

आज मिति २०८२/१०/२२ गतेका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पुष्कर राज जोशी ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसि तपसीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति**

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | नगर प्रमुख | |
| २ | श्री कौशिला चन्द | नगर उप-प्रमुख | |
| ३ | श्री विष्णु दत्त भट्ट | वडा नं. १ अध्यक्ष | |
| ४ | श्री सुर्य बहादुर बोहरा | वडा नं. २ अध्यक्ष | |
| ५ | श्री अजब बहादुर पाण्डे | वडा नं. ३ अध्यक्ष | |
| ६ | श्री भान देव भट्ट | वडा नं. ४ अध्यक्ष | |
| ७ | श्री केशव राज लेखक | वडा नं. ५ अध्यक्ष | |
| ८ | श्री महेन्द्र सिंह कार्की | वडा नं. 6 अध्यक्ष | |
| ९ | श्री हरि दत्त बडू | वडा नं. ७ अध्यक्ष | |
| १० | श्री चामु सिंह थापा | वडा नं. ८ अध्यक्ष | |
| ११ | श्री मोहन देव जोशी | वडा नं. ९ अध्यक्ष | |
| १२ | श्री त्रिलोक सिंह बिस्ट | वडा नं. १० अध्यक्ष | |
| १३ | श्री जय दत्त पन्त | वडा नं. ११ अध्यक्ष | |
| १४ | श्री भुरी देवी बिस्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्ती जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री माया पहरी | कार्यपालिका सदस्य | |
| १७ | श्री कलावती लावड | कार्यपालिका सदस्य | |
| १८ | श्री धाना देबी थलाल | कार्यपालिका सदस्य | |
| १९ | श्री दिनेश बहादुर सिनाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिनोद राम लोहार | कार्यपालिका सदस्य | |
| २१ | श्री प्रेम दयाल | कार्यपालिका सदस्य | |
| २२ | श्री केशव राज सुबेदी | सचिव | |

CamScanner

**प्रस्तावहरुः**

१. आ.ब.२०८३/८४ का मा सङ्घीय समपुरक र बिशेष अनुदानका लागि योजना/कार्यक्रम छनौट एबं स्वीकृत गरी पठाउने सम्बन्धमा ।

२. चालु आ.ब.२०८१/८२ मा सडक बोर्ड नेपालको साझेदारीमा संचालित योजनाहरुको छनौट गर्ने सम्बन्धमा ।

३. ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा निकासी ठेक्का सम्बन्धमा ।

४. तह वृद्धि/तह मिलान सम्बन्धमा ।

५. आधारभूत तह (कक्षा ५ र ८) परिक्षा संचालन तथा ब्यबस्थापन समिति गठन/नवीकरण सम्बन्धमा ।

६. बिद्यालयको IEMIS अध्यावधिक गराउने सम्बन्धमा ।

७. सङ्घीय शशर्त तथा प्रदेश शशर्त अनुदान अन्तर्गतका रु. १० लाख भन्दा माथिका योजनाहरु कार्यान्वयन सम्बन्धमा ।

८. का.स.पाँचौ तहको उपदान रकम सम्बन्धमा ।

९. आर्थिक सहायता सम्बन्धमा ।

१०.बिबिध बिषय सम्बन्धमा ।

**<u>निर्णय न. १</u>**

आ.ब.२०८३/८४ का लागि संघीय समपुरक र बिशेष अनुदान अन्तर्गतका तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी online माध्यमबाट DPR लगायत आवश्यक कागजात सहित प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>तपसिल</u>**

**संघीय समपुरक अनुदान अन्तर्गत छनौट गरिएका योजनाहरु :**

१. वडा कार्यालय जाने सडक द.न.पा. ०९

२. वडा कार्यालय भवन निर्माण द.न.पा. ०३

**संघीय बिशेष अनुदान अन्तर्गत छनौट गरिएका योजना/कार्यक्रमहरु :**

**आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि :**आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि आवश्यक स्वास्थ्य उपकरण, प्रयोगशाला सामग्री, अपुग भएको अत्यावाधिक औषधि, बर्थिंग सेन्टरका लागि शैया तथा उपकरण आदि ।

**<u>निर्णय न. २</u>**

आ.ब.२०८२/८३ मा सडक बोर्डबाट स्थानीय सडक मर्मत तथा सम्भार कार्यको लागि प्राप्त ४००००००/- (अक्षरेपि चालिस लाख) रकममा यस नगरपालिकाबाट व्यहोर्नु पर्ने ३० प्रतिशत रकम व्यहोर्ने प्रतिबद्धता सहित सडक बोर्डको साझेदारीमा उपभोक्ता समिति मार्फत नगरपालिका भित्रका तपसिल बमोजिमका सडकहरूमा तपसिल बमोजिमको रकम बिनियोजन गरि गर्न स्वीकृतिका लागि सडक बोर्ड नेपालमा पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>तपसिल</u>**

१ काँडे खाँण सडक मर्मत द.न.पा. ०१ - रु. ५७२०००/-

२ सैलेपातल रजाड सडक मर्मत द.न.पा. ०२- रु. ५७२०००/-

३ देहीमाण्डौं दुर्गाभवानी सडक मर्मत द.न.पा. ०३- रु. ३९००००/-

४ शाहीलेक बिनासौ सडक मर्मत द.न.पा. ०४- रु. ५७२०००/-

५ आईत वडा कार्यालय सडक मर्मत द.न.पा. ०५- रु. ३९००००/-

६ सेरा नगतडी सडक मर्मत द.न.पा. ०६- रु. ५७२०००/-

७ धपौला दुर्गास्थान सडक मर्मत द.न.पा. ०७- रु. ३९००००/-

८ रानिबुंगा बिद्यालय देखि मन्दिर जाने सडक मर्मत द.न.पा. ०८- रु. ३९००००/-

९ दसाईनी रौतगाडा सडक मर्मत द.न.पा. ०९- रु. ५७२०००/-

१० बगौरा देखि मल्लिझाका सडक मर्मत द.न.पा. १०- रु. ३९००००/-

११ बठ्ठा पैयाबाँझ सडक मर्मत द.न.पा. ११- रु. ३९००००/-

CamScanner

**निर्णय न. ३**

यस नगरपालिका क्षेत्र भएर बग्ने महाकाली नदीको सेरा, मौरा, नलतडी र बुरकिल बगर क्षेत्रबाट नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन कार्यका लागि दिगो तथा वातावरणमैत्री रूपले ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् / सङ्कलन कार्य गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी ठेक्का लगाउन प्रथम पटक र दोस्रो पटक सुचना प्रकाशित गर्दा पनि कुनै पनि क्षेत्रमा दरभाउपत्र नपरेकोले कार्यालयबाट तेस्रो पटक ७ दिनको म्याद दिई पुनः सुचना प्रकाशित गर्ने र तेस्रो पटक सुचना प्रकाशित गर्दा पनि ठेक्का नलागेमा सम्बन्धित वडाबाट नियमानुसार राजस्व लिई ढुङ्गा, गिट्टी र बालुवा निकासी गर्ने निर्णय गरियो ।

**निर्णय न. ४**

यस नगरपालिका सुदुरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको प.सं.२०८२/८३, च.नं. ७०९, मिति २०८२।०७।२४ गतेको निर्णय कार्यान्वयन सम्बन्धी प्राप्त पत्रानुसार "सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" कार्यान्वयनका सन्दर्भमा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयवाट मिति २०८२।०३।२३ को माननीय मुख्यमन्त्रीस्तरबाट भएको निर्णयः "क्र.सं. ३ (ख) अनुसार अन्य प्रदेशको स्थानीय तहबाट सुदूरपश्चिम प्रदेशको स्थानीय तहमा कामकाज गर्न खटिइ आएका कर्मचारीको हकमा निजहरुको दफा १४९ बमोजिम पदस्थापन भएपश्चात मात्र दफा ९ बमोजिमको तह मिलान गर्न सकिने" भन्ने व्यहोरा र प.सं. २०८१।८२, च.नं. १६६५, मिति २०८२।०३।२३ गतेको पत्रबाट प्रदेशभित्रका सबै स्थानीय तहलाई जानकारी हुन आएको व्यहोरा अवगत नै छ, प्रेषित गरिएको च.नं.१६६५, मिति २०८२।०३।२३ गतेको परिपत्र बमोजिम नै गर्नु गराउनु हुन मिति २०८२।०७।२४ (प्रमुख सचिवस्तर) को निर्णयानुसार सुदुरपश्चिम प्रदेश अन्तर्गतका सवै स्थानीय तहहरुलाई कार्यार्थ पठाइएकोले, पदस्थापन पश्चात विधिवत रुपमा तह वृद्धिर तह मिलान हुने नै हुदा हाल उक्त निर्णयको प्रतिकुल हुने गरी यस कार्यालयवाट मिति २०८२।०३।२७ गते गरिएको प्रा.स. शिक्षा श्री दिपक राज भट्ट (क.स.नं.२३९५९८) को तह वृद्धि/तह मिलान अधिकृतस्तर छैटौं तह कायम भएको मिति देखि नै बदर गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय न. ५**

यस पालिका अन्तर्गतका विद्यालयहरुको आधारभुत तह ( कक्षा ५ र ८) परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न गठित आधारभुत तह ( कक्षा ५ र ८) परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल यस शैक्षिक सत्रमा समाप्त भएको र समितिको कार्यसम्पादन सन्तोषजनक रहेको पाईएकोले समितिको कार्यकाल पुनः ३ वर्षको लागि नविकरण गर्ने निर्णय पारित गरियो ।

**निर्णय न. ६**

सामुदायिक विद्यालयहरुको एकिकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली (IEMIS) को तथ्याङ्क अनुसार केन्द्रले स्रोत व्यवस्थापन गर्ने नीतिगत व्यवस्था रहेको, शैक्षिक सत्र २०८२ देखी शिक्षकको तलव निकाशा, दिवा खाजा निकाशा लगायत लाई एकिकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली (IEMIS) मा आधारित गरेको सन्दर्भमा दनपा अन्तरगतका सबै विद्यालयहरुको तथ्याङ्क सुक्ष्म रुपमा अध्यावधिक नभएको पाईएको, विद्यालयलाई तथ्याङ्क अध्यावधिक गर्न बारम्बार सुचित गरिदा पनि गर्न नसकेको अवस्थालाई ध्यान दिदै केन्द्रबाट प्राप्त अनुदान बाट खर्च गर्ने गरि विद्यालयहरुमा कार्यरत शिक्षकहरुको क्षमता विकासको लागि १ दिवसिय कार्यशाला सञ्चालन गर्ने तथा आधारभुत विद्यालयहरुमा रहेको स्रोतसाधन अभावलाई ध्यान दिदै उक्त कार्यमा सक्रिय तथा अनुभव प्राप्त माध्यमिक तहमा कार्यरत लेखा सहायक (लेखापाल) हरु लाई बढीमा १० दिनका लागि उक्त विद्यालयहरुमा खटाई तथ्याङ्क अद्यावधिक गर्न लगाउने निर्णय पारित गरियो। उक्त कार्यमा खटिएका लेखा सहायक हरुलाई दैनिक रु १२००/- (अक्षेरुपी रु बाह्र सय) उपलब्ध गराउने र सोको लागि केन्द्रबाट प्राप्त स्रोतले अपुग भएमा नगर तर्फको प्र.अ. तथा शिक्षकहरुको बैठक भत्ता शिर्षकबाट भुक्तानी गर्ने निर्णय पारित गरियो।

**निर्णय न. ७**

चालु आ.ब. २०८२/८३ मा यस नगरपालिकालाई सङ्घीय शशर्त तथा प्रदेश शशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका तपशिलका योजनाहरु धार्मिक तथा साँस्कृतिक बिश्वास, महत्वले गर्दा स्थानीय उपभोक्ताबाट संचालन गर्नुपर्ने देखिएको हुँदा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नका लागि सम्बन्धित वडाहरुलाई जानकारी गराउने निर्णय गरियो ।

| सि.न. | शिर्षक | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | बैतडी जिल्ला दशरथचन्द नगरपालिका वडा न ८ आठविसि मा अवस्थित पिजास बाबा को मन्दिर परिसरमा पूर्वाधार स्तरोन्नति | २५०००००. | संघीय (शसर्त अनुदान) |
| २ | पार्ष धाम देखि शिवालय सम्म पर्यटकीय पदमार्ग द न पा ०९ बैतडी | १५०००००.० | (प्रदेश शसर्त अनुदान) |
| ३ | पिजाश मन्दिर संरक्षण दशरथचन्द ०८ डुंगरा बैतडी | १५०००००.० | (प्रदेश शसर्त अनुदान) |
| ४ | भगवती मन्दिरको घेर पर्खाल गेट निर्माण तथा मर्मत सम्भार द न पा ०५ बैतडी | १५०००००.० | (प्रदेश शसर्त अनुदान) |

**निर्णय न. ८**

साविक जिल्ला बिकास समितिबाट समायोजन भई यस नगरपालिकामा (श्रेणी बिहिन चौथो) पदमा पदस्थापन भएका कार्यालय सहयोगी लिलाधर पन्त दशरथचन्द नगरपालिका स्थानीय सेवा ब्यबस्थापन तथा प्रोत्साहनका लागि ब्यबस्था गर्न बनेको ऐन, २०७७ अनुसार का.स.पाँचौ तहमा तह वृद्धि भएको र निज अनिवार्य अवकाश जाँदा निजको सेवा सुबिधा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध हुने हुँदा यस कार्यालयबाट सिफारिस साथ निजले पाउने उपदान रकमको हिसाव गरी पठाईएकोमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निज समायोजन भएको पद अनुसारको उपदान रकम मात्र उपलब्ध गराएको र का.स. पाँचौ तहको उपदान उपलब्ध नगराएकोले पाँचौ तहको उपदान रकम उपलब्ध गराई पाउँ भनि निबेदन पेश गरेकोले निजलाई का.स. पाँचौ तहको उपदान रकम नियमानुसार कर्मचारी कल्याण कोष शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय न.०९</u>**

यस नगरपालिकामा कार्यरत का.स. हर्क ब.दमाई प्राण घातक रोग लागि उपचारको क्रममा काठमाण्डौं बिर अस्पतालमा भर्ना भई उपचारत रहेकोले निजलाई औषधि उपचार खर्च बापत रु. ३५०००/- र द.न.पा. ०४ बस्ने पुष्पा देवी दमाईको आर्थिक स्थिति कमजोर रहेकोले आर्थिक सहयोग बापत रु. १५००० उपलब्ध गराउने निर्णय गरियो ।